संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - १८

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ २२ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा विहान ११:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी लगायतका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनु भएपछि सम्माननीय सभामुखले माननीय श्री योगेश कुमार भट्टराईलाई समय दिनु हुँदा उहाँले खास नेपालीले नागरिकता पाउन् र गैर नेपालीले नागरिकता नपाउन् भन्ने विषयमा नेपाल कम्युनिष्ट पार्टी एमाले गम्भीर छ । नागरिकता जस्तो संवेदनशिल विषयमा धेरै खेलवाड नहोस र विधेयक प्रमाणीकरण गर्न राष्ट्रपतिलाई सिफारिस गर्ने अधिकार सम्माननीय प्रधानमन्त्रीलाई नरहेको, सन् २०१८ देखि हुन नसकेको सार्क सम्मेलनको सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीको भारत भ्रमणमा कुनै छलफल नगरेको लागायतका विषयमा भनाई राख्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) लाई प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २२२ बमोजिम सार्वजनिक महत्वको विषयमा वक्तव्य दिन समय दिनुहुँदा माननीय श्री प्रेम सुवालले समय माग गर्नु भएपछि सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्रीको वक्तव्य पछि स्पष्टीकरण सोध्ने व्यवस्था छ भन्नु हुँदै आशन ग्रहण गर्न अनुरोध गर्नु भएपछि माननीय श्री प्रेम सुवालले आफ्नो आशन ग्रहण गर्नु भयो र सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले २०८० जेठ १७ देखि २० गतेसम्मको भारतको मैत्रीपूर्ण औपचारिक भ्रमणको क्रममा नेपाल भारतबीच भएको विभिन्न सम्झौता, देशको कुनै भू-भाग दिएर नेपाललाई समुन्द्रसम्मको निकास लिने सम्बन्धमा कुनै वक्तव्य नदिएको, नागरिकता विधेयक प्रमाणीकरण सम्बन्धी सभामा उठेका प्रश्न लगायतका विषयमा सदनमा जानकारी दिनु भयो ।

तत्पश्चात सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) को उक्त वक्तव्यका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो ।

१. मा० श्री पदम गिरी
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री रघुजी पन्त
४. मा० श्री राजेन्द्र प्रसाद लिङदेन
५. मा० श्री रवि लामिछाने
६. मा० श्री ज्ञान बहादुर शाही
७. मा० श्री दामोदर पौडेल (बैरागी)
८. मा० श्री रण कुमारी बलम्पाकी मगर
९. मा० श्री ठाकुर प्रसाद गैरे
१०. मा० श्री रामहरि खतिवडा
११. मा० श्री हरि ढकाल
१२. मा० श्री रघुवीर महासेठ
१३. मा० श्री असिम शाह
१४. मा० श्री शिशिर खनाल
१५. मा० श्री मनिष झा
१६. मा० श्री भगवती चौधरी
१७. मा० श्री गणेश पराजुली
१८. मा० श्री ज्वाला कुमारी साह
१९. मा० श्री जुली कुमारी महतो (महासेठ)
२०. मा० श्री इश्वरी घर्ती
२१. मा० श्री सुनिता बराल
२२. मा० श्री लिलानाथ श्रेष्ठ
२३. मा० डा० तोसिमा कार्की
२४. मा० श्री गोकर्ण विष्ट
२५. मा० श्री एकनाथ ढकाल
२६. मा० डा० स्वर्णीम वाग्ले
२७. मा० श्री लक्ष्मी तिवारी
२८. मा० श्री बलराम अधिकारी
२९. मा० श्री बासुदेव घिमिरे
३०. मा० श्री सूर्य प्रसाद ढकाल
३१. मा० श्री नारायण प्रसाद आचार्य
३२. मा० श्री राजेन्द्र कुमार राई
३३. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
३४. मा० डा० अमरेश कुमार सिंह
३५. मा० श्री अमृता देवी अग्रहरी
३६. मा० श्री अमृत लाल राजवंशी
३७. मा० श्री चित्र बहादुर के.सी.
३८. मा० श्री ऋषिकेश पोखरेल
३९. मा० श्री राजेन्द्र कुमार के.सी.
४०. मा० श्री हरि प्रसाद उप्रेती
४१. मा० श्री बुद्धिमान तामाङ
४२. मा० श्री राम शंकर यादव
४३. मा० श्री सरिता भुसाल
४४. मा० श्री विजुला रायमाझी
४५. मा० श्री मानबीर राई
४६. मा० श्री अच्युत प्रसाद मैनाली
४७. मा० श्री दिपक बहादुर सिंह
४८. मा० श्री सम्झना थपलिया
४९. मा० श्री महेश कुमार वर्तौला
५०. मा० श्री राम कृष्ण यादव

५१. मा० श्री प्रतिक्षा तिवारी
५२. मा० श्री शान्ती श्रेष्ठ
५३. मा० श्री गोकुल प्रसाद बाँस्कोटा
५४. मा० श्री दिलेन्द्र प्रसाद बडू
५५. मा० श्री योगेन्द्र मण्डल
५६. मा० श्री प्रेम बहादुर महर्जन
५७. मा० श्री ईश्वर बहादुर रिजाल
५८. मा० श्री रोसन कार्की
५९. मा० श्री भिम प्रसाद आचार्य
६०. मा० श्री सूर्य कुमारी श्रेष्ठ
६१. मा० श्री अनिशा नेपाली
६२. मा० श्री हेमराज राई
६३. मा० श्री सुमना श्रेष्ठ
६४. मा० श्री रन्जु कुमारी झा
६५. मा० श्री श्याम कुमार घिमिरे
६६. मा० श्री बिनिता कठायत
६७. मा० श्री निशा डागी
६८. मा० श्री शिव नेपाली
६९. मा० श्री विराज भक्त श्रेष्ठ
७०. मा० श्री योगश कुमार भट्टराई
७१. मा० श्री अम्मर बहादुर थापा
७२. मा० श्री धवल शम्मशेर जंगबहादुर राणा
७३. मा० श्री कृष्ण कुमार श्रेष्ठ

यसैबीच माननीय श्री शिशिर खनालले बोल्ने क्रममा प्रयोग गर्नु भएको "भैंसी चढेर आएको" भन्ने शब्द रेकर्डबाट हटाउनुपर्ने भनी माननीय श्री हितराज पाण्डेले नियमापत्ति गर्नुभएपछि नेपाल कम्युनिष्ट पार्टी (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी लगायतका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडी उभिनु भएपछि सम्माननीय सभामुखले माननीय श्री सूर्य बहादुर थापा क्षेत्रीलाई समय दिनुहुँदा उहाँले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २० को (झ) को व्यवस्था अनुसारको नियम पालना गरियोस् भन्ने लगायतका आफ्नो भनाई राख्दै गर्दा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का केही माननीय सदस्यहरु आफ्नो आशन अगाडी उभिएर नियमापत्ति जनाउनु भएपछि सम्माननीय सभामुखले प्रश्न सोध्ने माननीय सदस्यहरुलाई मर्यादा भित्र रहेर प्रश्न सोध्न अनुरोध गर्नुहुँदै प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २० को (झ) को व्यवस्था प्रति ध्यानाकर्षण गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "भैंसी चढेर आएको" भन्ने शव्दलाई बैठकको रेकर्डबाट हटाउन सचिवालयलाई निर्देशन दिनुहुँदा नेपाल कम्युनिष्ट पार्टी (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी लगायतका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले माननीय श्री रघुजी पन्त र माननीय श्री रवि लामिछाने लाई क्रमशः समय दिनुहुँदा "भैंसी चढेर" भन्ने शव्द सम्माननीय प्रधानमन्त्रीको वक्तव्यमा नै आएकोले त्यसैलाई दृष्टान्त स्वरुप अर्को पक्षले बोलेको भनेर हटाइने हो भने सम्माननीय प्रधानमन्त्रीले प्रयोग गर्नु भएको "भैंसी चढेर" भन्ने शव्द पनि रेकर्डबाट हटाउनु पर्छ भन्नु भयो ।

त्यसपछि सम्माननीय सभामुखले "भैंसी चढेर आएको" भन्ने शब्द जसले बोलेको भएपनि रेकर्डबाट हटाउन सचिवालयलाई निर्देशन दिएको जानकारी दिनुभएपछि प्रतिपक्षतर्फका माननीय सदस्यहरु आफ्नो आशन अगाडी उभिइ नै रहनु भएपछि सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) भारत भ्रमणबाट नेपाल आउँदा "भैंसी चढेर आएको" भन्ने शब्द संसदको रेकर्डमा रहनु उचित नहुने भएकोले त्यस्तो शब्द हटाउन निर्देशन दिएको जानकारी दिनुभएपछि माननीय सदस्यहरुले आ-आफ्नो आशन ग्रहण गर्नुभयो ।

तत्पश्चात सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ले उक्त वक्तव्यका सम्बन्धमा माननीय सदस्यहरुले माग गर्नु भएको स्पष्टीकरणको सम्बन्धमा जवाफ दिने क्रममा माननीय श्री सूर्य बहादुर थापा क्षेत्रीले नियमापत्ति गर्नुहुँदै सम्माननीय प्रधानमन्त्रीले नेपालको संविधानको धारा १११ को उपधारा (९) को व्यवस्थाको प्रतिकूल आफ्नो जवाफ दिनुभएको भन्दै आपत्ति जनाउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्रीले स्पष्टीकरण दिने क्रममा नियमावलीको कुनै नियम प्रति आपत्ति भए मात्र माननीय सदस्यहरुले प्रश्न उठाउन अनुरोध गर्नुभएपछि सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ले पुनः स्पष्टीकरणको जवाफ दिने क्रममा प्रतिपक्ष तर्फका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडी उभिएर होहल्ला गर्न थाल्नु भएपछि सम्माननीय सभामुखले माननीय सदस्यहरुलाई आशन ग्रहण गरी सम्माननीय प्रधानमन्त्रीलाई आफ्नो स्पष्टीकरण राख्न दिनुहुन आग्रह गर्नुहुँदा पनि होहल्ला नरोकिएपछि सम्माननीय सभामुखले माननीय श्री रघुजी पन्तलाई समय दिनु भएपछि उहाँले नागरिकता विधेयकको विषयमा सम्मानीत अदालतले अन्तरिम आदेश गरिसकेकोले सो विषयमा सम्माननीय प्रधानमन्त्रीले सदनमा व्याख्या गर्न हुँदैन भन्नुभयो ।

त्यसपछि माननीय श्री विश्वप्रकाश शर्माले कोही माननीय सदस्यले बोल्दा अन्य माननीय सदस्यहरुले अवरोध गर्ने विषयलाई राम्रो भन्न नसकिने र देशको प्रधानमन्त्री रोष्ट्रमा उभिएर बोल्दै गर्दा धैर्यतापूर्वक सुन्नु पर्ने कुरा आत्मसाथ गर्नुका साथै अन्य माननीय सदस्यहरुले अवरोध गर्ने कार्य ठीक नभएको भन्नुहुँदै संविधानले कुनैपनि विधेयक संसदमा रहँदा मात्र के हुने भन्ने व्याख्या गरेको तर संघीय संसदबाट दुई पटक पारित गरी सम्माननीय राष्ट्रपति समक्ष गएको विधेयकको सम्बन्धमा केही नभनेको लगायतका विषय राख्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ बमोजिम सभाको बैठक सञ्चालन हुने, भावनात्मक उत्तेजनामा तर्क वितर्क गरेर समस्याको समाधान नहुने भन्नुहुँदै सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) लाई नागरिकता विधेयकको सन्दर्भमा न्यायालयले अल्पकालिन अन्तरिम आदेश समेत दिइसकेको परिस्थितिलाई

ध्यानमा राख्दै आफ्नो स्पष्टीकरण जारी राख्न अनुमति दिनुहुँदा माननीय डा० अमरेश कुमार सिंहले बोल्न समय माग गर्नुभएपछि सम्माननीय सभामुखले समय दिनुहुँदा उहाँले संविधानको धारा ११३ को व्यवस्थातर्फ ध्यानाकर्षण गराउनु भयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २२२ बमोजिम सार्वजनिक महत्वको विषयमा सदनमा आफ्नो वक्तव्यमाथिको स्पष्टीकरणको जवाफ दिने कार्यलाई निरन्तरता दिनुभयो ।

त्यसपछि प्रतिनिधि सभामा विपक्षी दलका नेता माननीय श्री के.पी. शर्मा ओलीले प्रधानमन्त्रीको भारत भ्रमण, नागरिकता विधेयक प्रमाणीकरण लगायतका विषयहरुमा आफ्नो भनाई राख्नु भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल “प्रचण्ड”ज्यू सम्वत् २०८० साल जेठ १७ गते बुधबार मित्रराष्ट्र भारतको औपचारिक भ्रमणका लागि त्यसतर्फ प्रस्थान गर्नु भएकोले वहाँको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्नु हुने दैनिक प्रशासनिक कार्य नेपालको संविधान बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा माननीय उपप्रधानमन्त्री एवं रक्षा मन्त्री श्री पूर्णबहादुर खड्काज्यूले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

(डिल्ली राम शर्मा)
सचिव

मिति : २०८०/०२/१७

तदुपरान्त मा० अर्थ मन्त्री डा० प्रकाश शरण महतले संक्षिप्त वक्तव्य सहित “आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल प्रारम्भ गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि सैद्धान्तिक छलफल मात्र हुने र विस्तृत मन्त्रालयगत कार्यक्रम र योजनाका बारेमा पछि छलफल हुने व्यहोरा जानकारी गराउनु भयो । त्यसपछि उक्त छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनु भयो :-

१. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की
२. मा० श्री ठाकुर प्रसाद गैरे
३. मा० श्री देवेन्द्र पौडेल
४. मा० श्री डोल प्रसाद अर्याल
५. मा० श्री ज्ञान बहादुर शाही
६. मा० श्री प्रदिप यादव
७. मा० श्री राजेन्द्र प्रसाद पाण्डे

तत्पश्चात् सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम आगामी बैठकमा जारी रहने व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले संविधान सभा सदस्य तथा पूर्व सदस्यको निधन भएकोमा निम्नलिखित शोक प्रस्तावहरु प्रस्तु गर्नुहुँदा सर्वसम्मतिले पारित भयो:-

शोक प्रस्ताव

(क) “प्रतिनिधि सभाको यो बैठक, वि.सं. २०७० सालको संविधान सभा निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल)बाट समानुपातिक सदस्यमा निर्वाचित सदस्य श्याम सुन्दर टिवडेवालको हेम्स अस्पताल, धुम्बाराहीमा उपचारको क्रममा मिति २०७९ साल चैत २२ गते बुधबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।”

(ख) “प्रतिनिधि सभाको यो बैठक, नेपाली काँग्रेस पार्टीबाट वि.सं. २०४८ र २०५१ सालमा प्रतिनिधि सभा सदस्यमा निर्वाचित, वि.सं. २०६४ सालको संविधान सभा निर्वाचन र वि.सं. २०७४ सालको प्रतिनिधि सभा निर्वाचनमा समानुपातिक सदस्यमा निर्वाचित सदस्य, पूर्व महिला, बालबालिका तथा समाजकल्याण राज्यमन्त्री, शालिन र सरल नेतृको रुपमा परिचित मीना पाण्डेको ७२ वर्षको उमेरमा मिति २०८० साल जेठ १६ गते मंगलबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।”

त्यसपछि सभाले दिवंगत श्याम सुन्दर टिवडेवाल र मीना पाण्डेको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गर्‍यो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ २३ गते मंगलबार बिहान ११:०० बजे बस्ने गरी बैठक बेलुका ६:३५ बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
प्रतिनिधि सभाको सचिव